केन्द्रीय कार्यालय
बालुवाटार, काठमाडौं
फोन : ४४११४०७
फ्याक्स : ४४१४५५२
E-mail : <nrbbfirdppd@nrb.org.np>
Web Site : www.nrb.org.np
पोष्ट बक्स : ७३

# नेपाल राष्ट्र बैंक
## बैंक तथा वित्तीय संस्था नियमन विभाग

पत्र संख्या : बै.वि.नि.वि./नीति/परिपत्र/कखग/४/०७३/७४ मितिः २०७३/०५/१३

**इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्थाहरु,**

महाशय,

यस बैंकबाट इजाजतपत्रप्राप्त "क", "ख" र "ग" वर्गका बैंक तथा वित्तीय संस्थाहरुलाई देहाय बमोजिमका नीतिगत व्यवस्था कायम गरिएको हुँदा सोही बमोजिम गर्नु गराउनु हुन नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा ७९ ले दिएको अधिकार प्रयोग गरी यो निर्देशन जारी गरिएको छ ।

१. यस बैंकबाट इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्थाहरुलाई जारी गरिएको एकीकृत निर्देशन २०७२ इ.प्रा. निर्देशन नं. १४ को बुँदा नं. ३ लाई देहाय बमोजिम संशोधन गरिएको छ :

*"३. शाखा/उपशाखाहरु पूर्ववत स्थानमा कायम गर्ने सम्बन्धमा*
*विगतमा सुरक्षाको कारणबाट यस बैंकको स्वीकृति लिई/नलिई यस बैंकलाई सूचना मात्र दिएर बन्द गरिएका/ गाभिएका शाखा/उपशाखाहरु पूर्ववत रुपमा सञ्चालन गर्न यस बैंकको स्वीकृति लिइरहनु पर्नेछैन । यसरी पूर्ववत् रुपमा सञ्चालन भए पछि सो को जानकारी ७ दिनभित्र यस बैंकलाई दिनु पर्नेछ ।*

*साथै, द्वन्द्वकालमा विस्थापित भएका बैंकका शाखा पुनर्स्थापनालाई प्रभावकारी बनाउन त्यस्ता स्थानमा दुइवटा शाखा पुनर्स्थापना गरेको अवस्थामा काठमाण्डौ उपत्यकाभित्र यस बैंकको स्वीकृति लिइ एक शाखा खोल्न सकिनेछ ।"*

२. यस बैंकबाट इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्थाहरुलाई जारी गरिएको एकीकृत निर्देशन २०७२ इ.प्रा. निर्देशन नं. १७ को बुँदा नं. १ एवं पत्र संख्याः बै.वि.नि.वि./नीति/कखग/२/०७२/०७३ मितिः २०७२/०४/२१ मा जारी गरिएको परिपत्र को बुँदा नं. ४ बाट गरिएको संशोधित व्यवस्थालाई देहाय बमोजिम संशोधन गरिएको छ :

*"इजाजतपत्रप्राप्त "क", "ख" र "ग" वर्गका बैंक तथा वित्तीय संस्थाहरुले आफ्नो कुल कर्जा सापट (बिल्स खरिद तथा डिस्काउण्टसमेत) को क्रमशः न्युनतम ५.० प्रतिशत, ४.५ प्रतिशत र ४.० प्रतिशत विपन्न वर्गमा कर्जा प्रवाह गर्नु पर्नेछ । साथै, "क" वर्गका वाणिज्य बैंकहरुले यसरी प्रवाह गर्नका लागि तोकिएको प्रतिशत मध्ये आफ्नो कुल कर्जा सापट (बिल्स खरिद तथा डिस्काउन्ट समेत) को न्युनतम २ प्रतिशत कर्जा बुँदा नं. ३ मा उल्लेख गरिएका क्षेत्रमा प्रत्यक्ष रुपमा लगानी गर्नु पर्नेछ । यसरी प्रत्यक्ष रुपमा कर्जा प्रवाह गर्दा २०७३ असोज मसान्तसम्ममा १.२५ प्रतिशत, पुस मसान्तसम्ममा १.५ प्रतिशत, चैत मसान्तसम्ममा १.७५ र २०७४ असार मसान्तसम्ममा २ प्रतिशत पुग्ने गरी कर्जा प्रवाह गर्नु पर्नेछ ।*

*यस निर्देशनको प्रयोजनका लागि "विपन्न वर्ग" भन्नाले न्युन आय भएका र खासगरी सामाजिकरुपमा पिछडिएका महिला, जनजाति, दलित वर्ग, अन्धा, बहिरा, शारिरीकरुपले अपाङ्ग व्यक्तिहरु, सीमान्तकृत*

केन्द्रीय कार्यालय
बालुवाटार, काठमाडौं
फोन : ४४११४०७
फ्याक्स : ४४१४५५२
E-mail : <nrbbfirdppd@nrb.org.np>
Web Site : www.nrb.org.np
पोष्ट बक्स : ७३


# नेपाल राष्ट्र बैंक
## बैंक तथा वित्तीय संस्था नियमन विभाग

*समुदाय तथा सानाकिसान, कालिगढ, मजदुर र भूमिहीन परिवारलाई सम्झनु पर्दछ । विपन्न वर्गको आर्थिक तथा सामाजिक उत्थानको लागि सञ्चालन हुने स्वरोजगारमूलक लघु उद्यमहरु सञ्चालन गर्न यस बैंकद्वारा तोकिएको सीमासम्म प्रवाह हुने लघु कर्जालाई "विपन्न वर्ग कर्जा" अन्तर्गत गणना गर्नु पर्नेछ ।"*

३. यस बैंकबाट इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्थाहरुलाई जारी गरिएको एकीकृत निर्देशन २०७२ इ.प्रा. निर्देशन नं. १७ को बुँदा नं. ३ मा थप गरिएको खण्ड (थ) लाई देहाय बमोजिम संशोधन गरिएको छ ।

*"(थ) व्यावसायिक कृषि परियोजनाको धितोमा प्रवाहित रु. १० लाखसम्मको कर्जा र नेपाल सरकारबाट स्वीकृत भई कार्यान्वयनमा आएको "युवाहरुलाई कृषि कर्जामा प्रदान गरिने ब्याज अनुदान सम्बन्धी कार्यविधि, २०७१" बमोजिम तोकिएका कृषि व्यवसायहरुमा ऋणीहरुलाई प्रवाह भएको रु. १० लाखसम्मको कर्जा ।"*

भवदीय,

(शिवनाथ पाण्डे)
कार्यकारी निर्देशक

**बोधार्थ :**

(१) श्री नेपाल राष्ट्र बैंक, गभर्नरको कार्यालय ।
(२) श्री नेपाल राष्ट्र बैंक, डेपुटी गभर्नरको कार्यालय ।
(३) नेपाल सरकार, अर्थ मन्त्रालय, वित्तीय क्षेत्र व्यवस्थापन महाशाखा, सिंहदरबार, काठमाण्डौ ।
(४) श्री नेपाल राष्ट्र बैंक, बैंक सुपरिवेक्षण विभाग ।
(५) श्री नेपाल राष्ट्र बैंक, विकास बैंक सुपरिवेक्षण विभाग ।
(६) श्री नेपाल राष्ट्र बैंक, वित्त कम्पनी सुपरिवेक्षण विभाग ।
(७) श्री नेपाल राष्ट्र बैंक, लघुवित्त प्रवर्द्धन तथा सुपरिवेक्षण विभाग ।
(८) श्री नेपाल राष्ट्र बैंक, विदेशी विनिमय व्यवस्थापन विभाग ।
(९) श्री नेपाल राष्ट्र बैंक, अनुसन्धान विभाग ।
(१०) श्री नेपाल राष्ट्र बैंक, कानुन महाशाखा ।
(११) श्री नेपाल बैंकर्स संघ, हेरिटेजप्लाजा, काठमाण्डौ ।
(१२) श्री डेभलपमेण्ट बैंकर्स एसोसिएसन, अनामनगर, काठमाण्डौ ।
(१३) श्री नेपाल वित्तीय संस्था संघ, तिनकुने, काठमाण्डौ ।
(१४) श्री कर्जा सुचना केन्द्र, हेरिटेजप्लाजा, काठमाण्डौ ।